# पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा

**पोखरा-१०, रामघाट**

# त्रैमासिक बुलेटिन

बर्ष ३, अंक १०

## यस अंक भित्र :


| | |
|---|---|
| समुदायका अगुवा अश्वपालक कृषकहरुलाई कल्याणमैत्री पशुपालन र रोग रोकथाम सम्बन्धि तालिम | २ |
| अश्वपालक कृषकरुलाई पशुस्वास्थ्य, पोषण तथा वातावरण व्यवस्थापन सम्बन्धि तालिम | २ |
| घाँसको विउ वितरण | २ |
| ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम | ३ |
| एग्रोभेट व्यवसायीहरुसँग समिक्षा बैठक | ३ |
| महिला अश्वकल्याणकारी समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न | ४ |
| अश्वपालक कृषक र अश्वकल्याणकारी समूह संग समीक्षात्मक वैठक सम्पन्न | ४ |
| स्थानीय पशुस्वास्थ्य सेवा प्रदायक सँग समीक्षात्मक बैठक सम्पन्न | ४ |


BROOKE
ACTION FOR WORKING HORSES AND DONKEYS

## पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा : एक परिचय

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा सन् २००० मा स्थापना भएको एक गैरनाफामुखी गैरसरकारी संस्था हो । यस संस्था जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत दर्ता भई समाज कल्याण परिषद्, काठमाण्डौंमा पनि आवद्ध छ । हाल संस्थाको मुख्य कार्यालय पोखरा महानगरपालिका वडा नं. १०, रामघाटमा रहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग साझेदारी गरि गरीब तथा सीमान्तकृत समुदायको जीवनस्तरलाई माथी उकास्न सहयोग गर्ने उद्देश्यका साथ यस संस्थाको स्थापना भएको हो । संस्थाले हाल जीविकोपार्जनका लागि गरिने पशुपालनसंग सम्बन्धित रहेर लक्षित वर्गको हितको लागि काम गरिरहेको छ ।

संस्थाको मुख्य कार्यक्रमको रुपमा पशुपालन सम्बन्धि विभिन्न तालिमहरु रहेका छन् । त्यसका अतिरिक्त अश्व प्रजातिका पशुहरु (घोडा, खच्चड र गधा) को कल्याणकारी परियोजना पनि यस संस्थाले संचालन गरिरहेको छ ।

## आर्वा स्रोत केन्द्रबारे जानकारी

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा पोखरा महानगरपालिका वडा नं. १३ मा पर्यावरण मैत्री, व्यवहारीक तालिम केन्द्रका रुपमा "आर्वा स्रोत केन्द्र" स्थापना गरेको छ । करिब ४४ रोपनी क्षेत्रफलमा फैलिएको यस केन्द्रको स्थापना शान्त तथा स्वस्थकर वातावरणमा तालिम संचालन गर्ने उद्देश्यले गरिएको हो । यो तालिम केन्द्र पोखराबाट पूर्व-उत्तर दिशामा लगभग ७ किलोमिटरको दुरीमा अवस्थित छ । यस केन्द्रमा एकपटकमा ३० जना व्यक्तिलाई खान बस्नको लागि उचित व्यवस्था छ । साथै यस केन्द्र फरक क्षमता, अपाङ्गता भएका व्यक्ति मैत्री रहेको छ । यो तालिम केन्द्र अन्य संघसंस्थालाई तालिम तथा सभा संचालनका लागि भाडामा दिन मिल्ने व्यवस्था पनि छ । यस केन्द्रमा आवतजावतका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पूर्वपट्टिको गेटबाट कसेरी सम्म चल्ने सार्वजनिक बस समेत प्रयोग गर्न सकिन्छ । कसेरीबाट केन्द्रसम्म पुग्नको लागि मोटरबाटो पनि रहेको छ साथै १५ मिनेटको पैदल यात्रा पछि यस केन्द्रमा पुग्न सकिन्छ ।





"परिवर्तनको लागि सहयोग"

## समुदायका अगुवा अश्वपालक कृषकहरुलाई कल्याणमैत्री पशुपालन र रोग रोकथाम सम्बन्धि तालिम





बाँकेको नेपालगञ्ज उपमहानगरपालिका वडा नं ५ स्थित कसगर टोल र दाङको तुल्सीपुर उपमहानगरपालिका वडा नं ५ स्थित अश्वपालक समुदायबाट २३ जना अगुवा कृषकहरुलाई कामकाजी घोंडा खच्चरको उचित हेरचाह र व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न गरिएको छ । अश्व प्रजातिका पशुको कल्याणमा टेवा पुर्‍याउने हेतुले अश्व पालक सामुदायमा नेतृत्व गर्न सक्ने साथै आफुले सिकेका कुरा सामुदायका अन्य अश्वपालक कृषकहरु सम्म सम्प्रेषण गर्न सक्ने पशुधनी छनौट गरी अश्व कल्याण, कल्याणमैत्री अश्वपालन, अश्वप्रजातिमा देखिने विभिन्न रोग र त्यसबाट बच्ने उपायहरु र पशुवीमा आदि विषयमा तालिम दिइएको थियो । अश्वपालक कृषक बर्गहरुमा विद्यमान पशुपालन सम्बन्धि ज्ञानको कमीलाई सूचना, जानकारी र तालिमको माध्यमबाट परिपूर्ति गर्ने उद्दे-श्यका साथ उक्त तालिमको आयोजना गरिएको थियो । तालिममा सहभागी कृषकहरुलाई विषयबस्तु बुझ्न सहज बनाउने हेतुले बिभिन्न हातेपुस्तक, पोष्टर, ब्यानरहरुको प्रयोग गरि प्रशिक्षण गरिएको थियो ।

## अश्वपालक कृषकरुलाई पशुस्वास्थ्य, पोषण तथा वातावरण व्यवस्थापन सम्बन्धि तालिम

दाङको तुल्सीपूर उपमहानगरपालिका वडा नं. १० बनगाँऊ, र बाँकेको हिरमिनिया, माईगाउँ, कसगर टोल र बर्दियाको गुलरिया स्थित ७६ जना घोडा खच्चड पालक र चालक लाई लक्षित गरि पशुस्वास्थ्य, पोषण एवं वातावरण व्यवस्थापन सम्बन्धि एक दिने तालिम सम्पन्न गरिएको छ । अश्व प्रजातिका पशुहरुको समग्र स्वास्थ्यमा टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त तालिममा स्वास्थ्य ,पोषण र वातवरणको अन्तर सम्बन्धलाई प्रकाश पारिएको थियो । पशुको शारीरिक तथा मानसिक स्थिति स्वस्थ राख्न आहार र वातावरणको भूमिका महत्वपूर्ण हुने हुँदा कृषकलाई यस सम्बन्धि आवश्यक जानकारी प्रदान गरिएको थियो । तालिम सन्तुलित आहाराको महत्व, सन्तुलित आहारा निर्माण प्रक्रिया, पशुको वासस्थान व्यवस्थापन, असन्तुलित आहारा र अव्यवस्थित वातावरणले अश्व प्रजातिमा देखिने प्रमुख रोग तथा समस्याहरु लगायतका विषयहरुमा केन्द्रित रहेको थियो । पशुलाई स्वस्थ राख्नको निमित्त उनीहरुलाई पीडा हुने गरि अधिक भारी नबोकाउने, शारीरिक यातना नदिने, तालिम प्राप्त व्यक्तिबाट नाल लगाउने, अश्वप्रजातिको पेटको आकार शरीरको तुलनामा ज्यादै सानो हुने हुँदा एकै पटक धेरै घाँस दानापानी दिने भन्दापनि थोरै थोरै गरेर पटक पटक दिने, नियमित सन्तुलित आहार प्रदान गर्ने, उनीहरुलाई सामान्य व्यवहार देखाउन दिने, अधिक घाम र पानीबाट बचाउन राम्रो भेन्टीलेसन भएको गोठको निर्माण गर्ने लगायतका अति महत्वपूर्ण विषयहरुमा जानकारी, सूचना तथा प्रशिक्षण प्रदान गरिएको थियो ।





## घाँसको विउ वितरण

हिउँदको समयमा हरियो घाँसको उपलब्धतामा उल्लेखनीय मात्रामा कमी आउने र जसले गर्दा घोंडाखच्चर को सन्तुलित आहारामा सम्झौता गर्नु पर्ने बाध्यतालाइ मध्यनजर गर्दै दाङ तुल्सीपुर उपमहानगरपालिका स्थित पशुसेवा शाखाबाट ७० के जी वर्षिम घाँसको विउ ५० प्रतिशत अनुदानमा ४५ जना अश्वपालक किसानहरुलाई वितरण गरिएको थियो ।





# ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम

ग्रमीण क्षेत्र जहाँ दक्ष पशु तथा कृषि प्राबिधिक छैनन् त्यहाँ ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तथा कृषि प्राबिधिक उत्पादनको माध्यमबाट ग्रमीण क्षेत्रमा पशु स्वास्थ्य समस्याहरु, स्वास्थ्य समस्याको निदान, रोगको उपचार र नियन्त्रण, युवाहरुलाई व्यबसायीक पशुपालन तथा कृषिमा





आकर्षित गर्ने साथै कृषि समस्याको हल गर्न सक्षम बनाउने उद्देश्य राखी पशुस्वास्थ्य तालिम तथा परामर्श सेवाद्वारा पोखरा महानगरपालिकाको आर्वामा ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम तथा एक हप्ते कृषि तालिम सम्पन्न गरिएको छ । पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाको आयोजना, हेफर इन्टरनेशनल संस्था र गुल्मीको मालिका, धुर्कोट, तानसेन, मदाने, इस्मा गाँऊपालिका, मुसिकोट नगरपालिका र पाल्पाको तानसेन नगरपालिकाको आर्थिक सहयोगमा एक वटा तालिम सम्पन्न गरिएको छ ।



तालिममा गुल्मी, नबलपरासी, पाल्पा, तनहूँ र कास्कीबाट महिला ४ र पुरुष २३ जना गरी जम्मा २७ जनाको सहभागीता रहेको थियो । उक्त तालिम विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण २१ दिन संचालन भई स्थगित भएको थियो । कार्यक्रममा प्रशिक्षक डा.बिदुर पाखीन, डा.रञ्जित ढकाल, डा.उमेश शर्मा र भरत पोखरेलद्वारा पशुपालनका चुनौती र अवसरहरु, पशुमा लाग्ने विभिन्न रोग र तिनीहरुको प्राथामिक उपचार र रोकथाम, पशु व्यवस्थापनका उपायहरु, पशु स्वास्थ्यको क्षेत्रमा युवाहरुको भुमिकाको बारेमा व्यबहारिक तथा सैद्धान्तिक तालिम प्रशिक्षण गरिएको थियो । साथै प्रशिक्षार्थीको हौसला बढाउन २ दिनको शिविर संचालन गरिएको थियो जसबाट करिब १५० पशुहरु लाभान्वित भएका थिए र प्रशिक्षार्थीलाई २४ वटा किट बक्स पनि बितरण गरिएको थियो । साथै कृषि तर्फ गुणकुमार श्रेष्ठको संयोजकत्वमा तरकारी नर्सरी, फलफुल खेति, टनेल निर्माण सम्बन्धी तालिम प्रशिक्षण गरिएको थियो ।





उक्त तालिममा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा.मन बहादुर पुन, पशु सेवा तालिम केन्द्र पोखराका बरिष्ठ तालिम अधिकृत डा.दिर्घनाथ ढुङ्गाना, भुमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय योजना महाशाखा प्रमुख डा.गृष्म न्यौपानेद्धारा तालिमको अनुगमन गरिएको थियो ।

# एग्रोभेट व्यवसायीहरु सँग समीक्षा बैठक

दाङको घोराही उपमहानगरपालिका वडा नं. १०, नारायणपुरमा एग्रोभेट व्यवसायीहरुसँग समीक्षा बैठक सम्पन्न गरिएको छ । अश्व प्रजातिका पशुहरुलाई आवश्यक उपचार सेवामा टेवा पुर्‍याउने हेतुले साथै उपचार प्रक्रियामा अत्यावश्यक औषधिको सहज उपलब्धता गराउनेबारे बैठकमा छलफल भएको थियो । अश्वप्रजातिका पशुहरुलाई औषधि र उपचार सेवा प्रदान गर्नका निमित्त सहज र पर्याप्त मात्रामा औषधि पाउन कठिन भईरहेको र उक्त औषधिको उपलब्धता कसरी सहज गर्न सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित गरिएको थियो । उक्त बैठकमा ७ जना विभिन्न एग्रोभेटका संचालकहरुको सहभागीता रहेको थियो । साथै बैठकमा अश्व प्रजातिका पशुहरुलाई लक्षित गरि औषधिको मात्रा, प्रयोग विधि लगायत विषयमा पनि छलफल गरिएको थियो ।



## महिला अश्वकल्याणकारी समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न

हाम्रो देशमा पशुहरुको हेरचाहमा प्रायः महिलाहरु ज्यादा संलग्न हुने हुँदा उनीहरुलाई यससम्बन्धि बढी ज्ञान, सीप र चेतना प्रदान गर्न सके पशु स्वास्थ्य र पशुकल्याणमा अपेक्षाकृत सफलता हासिल गर्न सकिन्छ । उक्त तथ्यलाई मध्यनजर गर्दै पशुस्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा



बाँके जिल्लाको माइगाँऊ र बर्दियाको गुलरिया स्थित महिला अश्वकल्याणकारी समूहसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । महिलाहरुलाई घरभित्रको कामकाजमा मात्र सिमित नभई समाजिक रुपान्तरण तथा पशुकल्याणमा पनि सराकात्मक भूमिका निर्वाह गर्न प्रेरणा मिलोस् भन्ने उद्देश्यले निर्माण गरिएको उक्त महिला समूहसंग उनीहरुले भोग्नुपरेको समस्या र प्राप्त सफलता बारे छलफल गरिएको थियो । साथै छलफलमा समुहको बचतलाई कसरी चलायमान बनाउने, कोरोना भाईरस महामारीको बिषम परिस्थितीमा पशु बिरामी भए आफ्ना नजिकका पशुप्रबिधिक सँग कसरी सम्पर्क र समन्वय गर्ने भन्ने बिषयमा समेत छलफल गरिएको थियो । बैठकमा थप २ नयाँ महिलाहरु अश्व कल्याण समुहमा प्रवेश गरेका थिए । उक्त कार्यक्रममा कूल ३१ जना समुहका महिला सदस्यहरुको सहभागिता रहेको थियो ।



## अश्वपालक कृषक र अश्वकल्याणकारी समूह संग समीक्षात्मक वैठक सम्पन्न

उक्त बैठक बाँके र बर्दियाको माईगाउँ, टांगा स्ट्याण्ड र कसगर टोलमा छुट्टाछुट्टै छलफल मार्फत् ७२ जनाको उपस्थितिमा सम्पन्न



गरिएको थियो । बैठक कोभिड १९ को लक्ष्यण र बच्ने उपायहरु र यस माहामारीको अवस्थामा पशुको स्वास्थ्य एवं अतिरिक्त हेरचाह कसरी गर्ने भन्ने विषयमा केन्द्रित थियो । गाउँठाउँमा छरिएर रहेका पशुकर्मी तथा पशु स्वास्थ्यकर्मी र अश्वपालक किसानलाई कसरी जोड्ने र सेवाको पहुँच र गुणस्तर कसरी अभिवृद्धि गर्ने र यसमा पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाले खेल्ने भूमिका बारे पनि छलफल गरिएको थियो । साथै अश्व पालक किसानलाई आउँदो हिउँदमा प्रशस्त मात्रामा हरियो घाँस रोप्न पनि सुझाइएको थियो ।

## स्थानीय पशुस्वास्थ्य सेवा प्रदायक सँग समीक्षात्मक बैठक सम्पन्न

दाङ र बाँके जिल्लामा अश्व प्रजातिका पशुहरुमा स्वास्थ्य तथा उपचार सेवा प्रदान गर्दै आईरहेका १६ जना स्थानीय पशुस्वास्थ्य सेवा प्रदायकहरुसँग १ दिने समीक्षात्मक बैठक सम्पन्न गरिएको छ । अश्व प्रजातिका पशुहरुलाई सहज तथा सुलभ स्वास्थ्य सेवा प्रदान गर्नका निमित्त पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा उक्त बैठक त्रैमासिक रुपमा आयोजना गर्ने गरिएको छ । उक्त बैठकमा उपचार सेवामा देखिएका कमी कमजोरी एवं भोग्नुपरेका विभिन्न समस्या तथा सफलताको बिषयमा छलफल गरिएको थियो । साथै पशुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका निमित्त पशुसेवा प्रदायकहरुले सेवाको पहुँच अभिवृद्धिमा खेल्नुपर्ने भुमिका र सेवा प्रदायकको क्षमता अभिवृद्धि बारे समेत छलफल गरिएको थियो ।





**पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा**
प्रधान कार्यालयः पोखरा-१०, रामघाट पोष्ट बक्स नं ४१९ फोन नं : ०६१-५२६४५५, ५३५८०७
ईमेल : info@ahtcs.org.np, वेबसाइट : www.ahtcs.org.np फेसबुक पेज : www.facebook.com/ahtcspokhara